श्री
# बाजुरा जिल्ला अदालत
मार्तडी, बाजुरा
☎ ०९७-५४१०१६
🖷 ०९७-५४१०१६

प.सं. २०७६/०७७
च.नं. ९r

मितिः २०७६।०५।०३

## सूचना! सूचना!! सूचना!!!

### बिषयः- बाल मनोविज्ञ तथा समाजसेवीको रुपमा सूचिकृत हुने बारे ।

यस अदालतको बाल इजलाशमा समाजसेवी, बाल मनोविज्ञ वा बाल विशेषज्ञको रुपमा काम गर्न इच्छुक समाजसेवी, बालमनोविज्ञ वा बाल विशेषज्ञको रुपमा बालिबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ बमोजिम समाजसेवी, बालमनोविज्ञ वा बाल विशेषज्ञको रुपमा सुचिकृत भएका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र यस अदालतमा निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

चाहिले आवश्यक योग्यताः-

१. **समाजसेवीका लागिः-** मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, बालविकास वा बाल अधिकारको विषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरी बाल अधिकार वा समाजसेवाका सम्बन्धमा कम्तिमा एक महिनाको तालिम प्राप्त गरेको र फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको ।

२. **बालमनोविज्ञ वा बाल विशेषज्ञका लागिः-** मान्यता प्रास विश्वविद्यालयबाट मनोविज्ञान विषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरी बाल अधिकार वा मनोविज्ञानका सम्वन्धमा कम्तिमा २ महिनाको तालिम प्राप्त गरेको र फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको ।

निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरुः-

क. शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि

ख. तालिम

ग. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ बमोजिम समाजसेवी, बालमनोविज्ञ वा बाल विशेषज्ञको रुपमा सुचिकृत भएको प्रमाण पत्र ।

घ. नागरिकताको प्रमाणित प्रतिलिपि

२०७६।०५।०३

(भोलाराज रेग्मी)
स्रेस्तेदार